# संस्थागत सुदृढीकरणका लागि आचरण परिवर्तनको आवश्यकता



पशुपति गिरी

नेपाल टेलिकम अब संस्थामा कार्यरत कर्मचारीहरुको चासोको विषय मात्र नभएर जनताको पनि चासोको विषय बन्दै छ । हामी कर्मचारीहरुले त आफ्नो रोजीरोटी चलाउने कर्मथलोको रुपमा यस संस्थाको हित चाहनु स्वाभाविकै हो । सर्वसाधारण पनि शेयरहोल्डर भएपछि जनताले पनि यस संस्थाको हित चाहनै पर्ने हुन्छ । जनताले माया गरेका कारण यो संस्थाले आफ्नो पहिचान बनाउन सफल भएको छ । तर जति तीव्रगतिले यस संस्थाको प्रगति हुनुपर्ने हो, त्यो हुन सकिरहेको छैन । त्यसको जिम्मेवार हामी आफैं हौं ।

जुन संस्थाका आधारमा हाम्रो जीवनगुजारा चलेको छ, त्यसको हित अनुकूल काम गर्नुपर्छ । धर्मको अर्थ हो धारणयोग्य सत् वस्तु धारण गर्नु । जीवनमा सत्मार्गमा हिँड्नेलाई जीवन जिउन जति सजिलो छ, त्यति नै कठिन असत्य कार्य गर्नेलाई हुन्छ । हामीले आफ्ना गल्तीलाई ढाक्ने प्रयास त गर्छौं तर गलत व्यक्तिप्रति हेरिने नजर बेग्लै हुन्छ भन्ने कुरालाई नकार्न सक्दैनौं । मानिसले गलत कार्य गर्दा ऊ कानुनको नजरबाट बच्न सक्ला, समाजको नजरबाट पनि बच्ला, तर ऊ आफ्नै नजरबाट बच्न सक्दैन । कानुनले दिने सजाय त पछिको कुरा हो । आफ्नै मनले दिएको सजाय, पीडाभन्दा ठूलो पीडादायक सजाय कुनै जेलको सलाखा हुन सक्दैन । हामीले एउटा कुरा सधैं ख्याल गर्नुपर्छ- अरुलाई नोक्सान पुऱ्याएर कहिल्यै हामी फाइदामा जान सक्दैनौं । यो सत्य हो, प्रत्येकले मनन गर्नुपर्छ । स्वार्थी भावनाले हामी जति चतुऱ्याइँ गर्छौं, त्यति नै आफूले बुनेको जालमा आफैं फस्दै जान्छौं । यो संस्थाको विकासका निम्ती हामीले सधैं तल्लीन भएर मन, बचन र कर्मले उत्साहका साथ सेवा गऱ्यौं भने अवश्य पनि संस्थाको विकास तीव्रगतिले अघि बढ्नेछ । आलस्य गऱ्यौं, बेइमानी गऱ्यौं, प्रलोभनमा फस्यौं भने संस्थाको मात्र घाटा होइन आफू स्वयम्को पनि बर्बादी हुनेछ ।

संस्था आफैंमा चलायमान हुँदैन । यसलाई चलाउने हामी सम्पूर्ण कर्मचारीहरुले नै हो । हाम्रो आचरण कस्तो हुनुपर्छ ? त्यो हामी आफैंले मूल्यांकन गर्नुपर्ने हुन्छ । मानवले जीवनलाई कसरी जीउने भन्ने बारे आफ्नो चुनाव हो । अरुसँग प्रतिस्पर्धा गर्नुपर्ने चुनावमा जितिन्छ नै भन्ने ग्यारेन्टी हुँदैन, तर आफैंसँगको चुनावमा इच्छा प्रबल छ भने हार्ने सबालै हुँदैन । हाम्रो जीवन कस्तो बनाउने भन्ने बारे निर्णय गर्न हामी स्वतन्त्र छौं । आफ्नो जीवनलाई मूल्यहीन बनाउनु भनेको आफूमाथि गरेको ठूलो अन्याय हो । जीवनको महत्व बुझ्न पनि सेवालाई आत्मसात् गर्नुपर्छ । आजसम्म जति मानवले यो धर्तीमा केही कीर्ति छोडेर गएका छन्, ती सबै सेवाबाटै शुरुआत भएका हुन् । हामी सम्पूर्ण कर्मचारीहरुले इमानदारिताका साथ आफ्नो भूमिका निर्वाह गऱ्यौं भने पक्का पनि यस संस्थालाई उन्नति गर्न धेरै समय लाग्नेछैन । हामीमा गलत प्रवृत्तिलाई हावी हुन दिनु हुँदैन । फुट, छलकपट, स्वार्थपन, इर्ष्या, बेइमानी, असत्य, प्रलोभन, लालचलाई घेर्न दिनु हुँदैन । हामी आफूलाई मात्र हेर्ने गर्छौं । कति बेरोजगारीहरु जागिरका लागि यता र उता भौंतारिँदै छन् । उनीहरुको जीवनमा कति पीडा छ । कहिल्यै यसतर्फ सोच्ने गरेका छौं कि छैनौं ? मेहनतको कमाइले मानिसलाई जुन सुख, शान्ति र आनन्द मिल्ने गर्छ, त्योभन्दा आनन्द अरु कुनै बेइमानीको कमाइले दिन सक्दैन । पृथ्वीमा लगभग ६ अर्ब मानिस छन् । सबैको अनुहार मात्र होइन, औंठाछापसमेत फरक छ । तर सबैको एउटै उद्देश्य छ- सुख, शान्ति र आनन्द प्राप्त गर्नु । वास्तवमा केमा छ त आनन्द भन्ने बारे ज्ञान हुन जरुरी छ । ज्ञानको अभावमा आज मानिसको जीवन कठिन र जटिल बन्दै गएको छ । हामीले सुख पाउनका लागि जुन प्रयत्न गरिरहेका छौं, त्यो साँचो अर्थमा सही छ कि गलत भन्ने बारे मनन गर्नै पर्ने हुन्छ । आफूले कर्म गर्ने थलोलाई जसले माया, संवर्द्धन र संरक्षण गर्छ, त्यो नै साँचो अर्थमा धर्म हो ।

हिन्दू धर्ममा मात्र नभएर सबै धर्मग्रन्थले सेवाको विषयमा